# तस्वीर कथाको सङ्कथन विश्लेषण

सिद्धराज शर्मा
परीक्षा क्रमाङ्क : ७२२८१०५/०७५
त्रि.वि. दर्ता नं. : ९-२-८५९-११६-२०१२

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह, चौथो सत्रअन्तर्गतको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौं
२०७५

## प्रतिबद्धता पत्र

*तस्वीर कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधपत्र तयार पार्दा उपयोगमा ल्याएका शोध प्रतिवेदनभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छ । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिवद्धता व्यक्त गर्दछु ।

.......................

शोधार्थी

सिद्धराज शर्मा

मिति : २०७५/११/१९

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रका छात्र सिद्धराज शर्माले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५४४ को आवश्यकता पूर्तिका निम्ति *तस्वीर कथाको सङ्कथन विश्लेषण* शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्य को आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

उपप्रा.डा. केशव भुसाल
शोधनिर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०७५/११/१९
Feb. 3, 2019

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्र सिद्धराज शर्माद्वारा 'तस्वीर कथाको सङ्कथन विश्लेषण' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

१. प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) .........................

२. प्रा.डा. यादवप्रकश लामिछाने (शोधविशेषज्ञ) .........................

३. उपप्रा.डा. केशव भुसाल (शोधनिर्देशक) .........................

मिति : २०७६/१/२४

May 7, 2019

## कृतज्ञताज्ञापन

'तस्वीर' कथाको सङ्कथन विश्लेषण शीर्षकको प्रस्तुत शोधकार्य गुणात्मक अनुसन्धान विधिमा आधारित भई सम्पन्न गरिएको छ । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत रही स्नातकोत्तर उपाधिका निमित्त गरिएको प्रस्तुत अनुसन्धानका क्रममा विभिन्न विद्वान्, विशेषज्ञ एवम् शुभचिन्तकहरूबाट अमूल्य सहयोग प्राप्त भएको छ । जसप्रति म निकै कृतज्ञ छु ।

सर्वप्रथम प्रस्तुत अनुसन्धानको शोधप्रस्ताव स्वीकृत गरी अनुसन्धानका लागि अवसर प्रदान गर्ने नेपाली भाषा शिक्षा विभाग र यस शोधकार्यका क्रममा अनवरत रूपमा आफ्नो अमूल्य समय उपलब्ध गराएर समुचित मार्गनिर्देशन एवम् प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु शोधनिर्देशक उपप्रा.डा. केशव भुसालज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी प्रस्तुत शोधको आन्तरिक एवम् बाह्य मूल्याङ्कनमार्फत् आवश्यक सल्लाह, सुझाव दिनुहुने आदरणीय विशेषज्ञज्यू प्रति कृतज्ञ छु । नेपाली भाषा शिक्षा विभागका आदरणीय गुरुज्यूहरूले आवश्यक परामर्श र सहयोग प्रदान गर्नु भएकाले उहाँप्रति म निकै कृतज्ञ छु ।

प्रस्तुत शोधकार्यका क्रममा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुज्यू उपप्रा. भुपराज जोशी, सहप्रा. रविकिरण अधिकारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी प्रस्तुत अनुसन्धानका सिलसिलामा अपेक्षित सैद्धान्तिक सामग्री र कतिपय जिज्ञासा समनका लागि महत्त्वपूर्ण जानकारी प्रदान गरेर सहयोग गर्नुहुने उपप्रा.डा. केशव भुसाल, यज्ञराज खतिवडा, तिलक खड्काप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो जीवनका हरेक क्षेत्रमा अविच्छिन्न सफलताको आशीर्वचन दिँदै उच्च शिक्षाको यस स्तरमा पुऱ्याउनुहुने मेरा पुजनीय मातापिता कौशिलादेवी शर्मा र हरिदत्त शर्मा जसको माया, ममता, साथ र सहयोगविना यो कार्य हुने नै थिएन उहाँप्रति सदासर्वदा ऋणी छु । त्यस्तै

मेरो अध्ययनका लागि उपयुक्त वातावरण र मनोवैज्ञानिक ऊर्जा सृजना गरिदिने आदरणीय दाजु केशव शर्मा, भाउजु तुलसी शर्मा, बहिनी दिपा शर्मा, दिदी भिनाजु कमला भट्ट, धिरज भट्ट, दाजु तेजराज शर्माप्रति कृतज्ञ छु ।

अन्त्यमा यस शोधपत्रको टङ्कन गरिदिई सहयोग पुऱ्याउने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जनलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो शोधकार्य लेखन सफल पार्नका लागि आर्थिक सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति आभार व्यक्त गर्दछु । ( MRS/75-76/Edu-12)।

मिति : २०७५/११/१९ .......................

शोधार्थी

# शोधसार

प्रस्तुत अनुसन्धान 'तस्वीर' कथाको सङ्कथन विश्लेषणमा आधारित अनुसन्धान हो । 'तस्वीर' कथाको सङ्कथन विश्लेषण गर्नु यस अनुसन्धानको मूलभूत उद्देश्य हो भने 'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिको पहिचान गर्नु, 'तस्वीर' कथामा प्रयुक्त कोशीय संसक्तिको पहिचान गर्नु यसका विशिष्ट उद्देश्यहरू हुन् ।

प्रस्तुत अनुसन्धान वस्तुतः गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अनुसन्धानमा पुस्तकालयीय अध्ययन विधिको माध्यमबाट सोद्देश्यमूलक तरिकाले सामग्रीहरूको सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ । यस क्रममा 'ऐना' कथासङ्ग्रहभित्रको 'तस्वीर' कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा विभिन्न पुस्तक, लेख, शोधप्रबन्धपत्र एवम् सन्दर्भसामग्रीहरूलाई लिइएको छ । प्रस्तुत शोधमा सङ्कलन विश्लेषण गर्दा विशेषतः भाषावैज्ञानिक ह्यालिडे र हसनको सिद्धान्तमा आधारित भएर गरिएको छ । जसमा व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजनको खोजी गरिएको छ भने कोशीय संसक्तिमा पुनरुक्ति र सन्निधानको अध्ययन गरिएको छ । प्रस्तुत अनुसन्धानमा रामलाल जोशीद्वारा लिखित 'ऐना' कथासङ्ग्रहभित्रका बीसवटा कथामध्ये 'तस्वीर' कथाको व्याकरणिक संसक्ति र कोशीय संसक्तिको अध्ययन र जसले सङ्कथन निर्माणमा खेलेको भूमिकाको अध्ययन गरिएको छ ।

प्रस्तुत अनुसन्धानबाट 'तस्वीर' कथामा व्याकरणिक संसक्ति (सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन) र कोशीय संसक्ति (पुनरुक्ति र सन्निधान) को प्रयोग गरिएको देखियो । जसमा व्याकरणिक र कोशीय संसक्तिमध्ये व्याकरणिक संसक्तिको प्रयोग बढी रहेको छ । व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भनको प्रयोग अधिक त्यस्तै कोशीय संसक्ति अन्तर्गत

पुनरुक्तिको प्रयाग अधिक भएको देखिन्छ । प्रस्तुत अनुसन्धानमा पुरुषवाचक सन्दर्भमा प्रथम, द्वितीय र तृतीय पुरुषको प्रयोग, पूर्व प्रयुक्त नाम, क्रिया र उपवाक्यलाई प्रतिस्थापन गरेको पाइयो । नामिक, क्रिया र उपवाक्यात्मक लोप सबैको प्रयोग व्यवहार गरेको पाइयो जसमा नामिक लोप अधिक भएको पाइयो । संयोजनअन्तर्गत कालिक संयोजकको बढी प्रयोग व्यवहार गरेको देखिन्छ । वस्तुतः पुनरुक्तिअन्तर्गत पुनरावृत्तिको अधिक प्रयोग गरिएको देखिन्छ । जसमा 'स्मृति', 'अमरकेती' शब्दहरू सबैभन्दा बढी पटक प्रयोग भएको देखिन्छ ।

प्रस्तुत अनुसन्धानमा 'तस्वीर' कथालाई संसक्तिका दृष्टिकोणबाट हेर्दा व्याकरणिक र कोशीय संसक्तिका माध्यमबाट वाक्यलाई संरचनात्मक रूपमा जोड्ने सिक्रि, गम अर्थात् सङ्गालोको काम संसक्तिले गरेको छ । यसको अभावमा 'तस्वीर' कथा सुसंरचित हुन नसक्ने देखिन्छ । तसर्थ संसक्ति निर्माणमा व्याकरणिक र कोशीय संसक्तिको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । तसर्थ यो अनुसन्धान कथाकार, पाठक, सङ्कथनका क्षेत्रमा रुचि राख्ने वा अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थी सबैका लागि उपयोगी हुने ठानिएको छ ।

# विषयसूची

पृष्ठ

## अध्याय एक

## शोधपरिचय


अध्ययनको पृष्ठभूमि १

समस्याकथन ३

शोधको उद्देश्य ४

शोधको औचित्य ४

शोधको परिसीमा ४

शोधको रूपरेखा ५


## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा


पूर्वकार्यको पुनरावलोकन ६

पुनरावलोकनको उपादेयता १५

सैद्धान्तिक अवधारणा १५

    सङ्कथनको परिचय १५

सङ्कथन विश्लेषणको परिचय १७

सङ्कथनका प्रकार १८

    कथ्य सङ्कथन १८

    लेख्य सङ्कथन १९

    साङ्केतिक सङ्कथन २०

सङ्कथनका तत्त्वहरू २०

    प्रस्तोता २१

    बोद्धा २१

    माध्यम २२

    सूचनाको स्वरूप २२

    विषय २२

    कोड २२

परिवेश २३
सङ्कथन विश्लेषणका पद्धतिहरू २३
ऊर्ध्व गमन पद्धति २४
अधो गमन पद्धति २४
अन्तर्क्रियात्मक पद्धति २५
सङ्कथनका युक्तिहरू २५
संसक्ति २६
व्याकरणिक संसक्ति २६
सन्दर्भन २६
- पुरुषवाचक २७
- दर्शकवाचक सन्दर्भक २७
- तुलनात्मक सन्दर्भक २८
प्रतिस्थापन २८
- नामिक प्रतिस्थापक २९
- क्रियात्मक प्रतिस्थापक २९
- उपवाक्यात्मक प्रतिस्थापक २९
लोप ३०
- नामिक लोप ३०
- क्रियापद लोप ३०
- उपवाक्यात्मक लोप ३१
संयोजन ३१
- योगात्मक संयोजक ३१
- विपरीतार्थी संयोजक ३२
- कारणात्मक संयोजक ३२
- कालिक संयोजक ३२
कोशीय संसक्ति ३२
पुनरुक्ति ३३
- पुनरावृत्ति ३३
- पर्यायवाची ३३

- विपरीतार्थी ३४
- समावेशी-समावेश्य ३४
- अङ्गी-अङ्ग ३४

सन्निधान ३५

सङ्कथन निर्माणमा संसक्तिको भूमिका ३६


## अध्याय तीन

## अनुसन्धान विधि र प्रक्रिया


अनुसन्धान ढाँचा ३७

जनसङ्ख्या तथा नमुना छनोट ३८

तथ्याङ्क सङ्कलनका स्रोत ३८

प्राथमिक स्रोत ३८

द्वितीयक स्रोत ३८

धारणात्मक रूपरेखा ३९

व्याख्या तथा विश्लेषण ४०


## अध्याय चार

## व्याख्या तथा विश्लेषण


'तस्वीर' कथामा संसक्ति ४१

व्याकरणिक संसक्ति ४१

सन्दर्भन ४१

- पुरुषवाचक सन्दर्भन ४२
- दर्शकवाचक सन्दर्भन ४३
- तुलनात्मक सन्दर्भन ४५

प्रतिस्थापन ४६

- नामिक प्रतिस्थापन ४७
- क्रियात्मक प्रतिस्थापन ४७
- उपवाक्यात्मक प्रतिस्थापन ४८

लोप ४९

- नामिक लोप ५०
- क्रियात्मक लोप ५१
- उपवाक्यात्मक लोप ५२

संयोजन ५३

- योगात्मक संयोजन ५४
- विपरीतार्थी संयोजन ५५
- कारणात्मक संयोजन ५५
- कालिक संयोजन ५६

कोशीय संसक्ति ५८

पुनरुक्ति ५९

- पुनरावृत्ति ५९
- पर्यायवाची ६०
- विपरीतार्थी ६१
- समावेशी- समावेश्य ६३
- अङ्गी-अङ्ग ६४

सन्निधान ६६

'तस्वीर' कथा निर्माणमा संसक्तिको भूमिका ६८

**अध्याय पाँच**

**निष्कर्ष र उपादेयता**

निष्कर्ष ७२

उपादेयता ७४

भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू ७५

**सन्दर्भ सामग्रीसूची** ७६

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| | |
|---|---|
| | पृष्ठ |
| तालिका १ : *'तस्वीर' कथामा प्रयुक्त सन्दर्भन संसक्तिको समग्र स्थिति* | ४६ |
| तालिका २ : *'तस्वीर' कथामा प्रयुक्त प्रतिस्थापन संसक्तिको समग्र स्थिति* | ४९ |
| तालिका ३ : *'तस्वीर' कथामा प्रयुक्त लोप संसक्ति* | ५३ |
| तालिका ४ : *'तस्वीर' कथामा प्रयुक्त संयोजन संसक्तिको समग्र स्थिति* | ५७ |
| तालिका ५ : *'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिको समग्र स्थिति* | ५८ |
| तालिका ६ : *'तस्वीर' कथामा प्रयुक्त पुनरुक्ति संसक्तिको समग्र स्थिति* | ६६ |
| तालिका ७ : *'तस्वीर' कथामा प्रयुक्त कोशीय संसक्तिको समग्र स्थिति* | ६७ |
| तालिका ८ : *'तस्वीर' कथामा प्रयुक्त संसक्तिको समग्र स्थिति* | ६८ |

# परिशिष्ट (क)

## 'तस्वीर' कथा

स्मृति निदाएकी थिई । मलिन अनुहारमा रहेका दुइटा आँखाहरू भिजेजस्तै देखिएका थिए । सानो भाइलाई आफ्नो बायाँ हातको तकिया दिएर सुताएकी थिई, स्मृतिले आफैसँग । आमाको प्रतीक्षा गर्दागर्दै थाकेर रोएजस्ता अथवा कुनै कोमल स्थानमा चोट परेर पग्लिएजस्ता उनका आँखाहरू थिए ।

नौ वर्षकी स्मृतिमात्र होइन, रातको करिब एघार बजेतिर कोठामा पुग्दा तीनोटै केटाकेटीहरू निदाइसकेका थिए । सानोबाबु दिदीको पाखुरालाई तकिया बनाएर सुतेको थियो ।

ठूलोबाबु एउटा खुट्टा भुइँमै लछाएर सोफामा भुस भएको थियो । स्मृति असाध्यै टिठलाग्दो अनुहार पारेर निदाएकी थिई । हो, उसैका आँखा कचिला थिए । भर्खरै रोएजस्ता ।

बत्ती कोठामा बलेकै थियो । टिभी बोलेकै थियो । भाँडाकुँडाहरू कोठामा यत्रतत्र छरिएका थिए । लुगाकपडाहरू त्यत्तिकै अस्तव्यस्त भइराखेका थिए ।

एकदम छिटोछिटो गरेर अमरकेती लुगा फेर्छे । हातमुख धोएर भान्सामा पस्दा अनायास छक्क पर्छे ऊ ।

कारण ?

देख्छे- पकाएको भात जस्ताको त्यस्तै छ । भात त खाएकै छैनन् बच्चाहरूले । खाना चिसो भइराखेको छ ।

"किन बच्चाहरू नखाईकन निदाए त ?"

एक्लै भुनभुनाउँछे- "सानोबाबुलाई कति भोक लाग्यो होला बिचरा ! स्मृतिले भाइलाई ख्वाएर सुताए पनि हुने । आफू पनि नखाईकन सुतिछे । यो निशान्त त अब भाइबैनीलाई खाना ख्वाउने भैसक्यो नि । किन यस्तो गर्छन् यिनीहरू सधैं ?"

भान्साबाट फर्केपछि सबैभन्दा पैले ऊ सानोबाबुको अनुहार हेर्छे । बिचरा ! कति मायालाग्दो अनुहार । सफा र सेतो दूधजस्तो अनुहारमा दुइटा आँखा निदाएका छन् । ठूलो र चौडा भाग्यमानी ललाट छ । सानो, चुच्चो र चिटिक्क परेको नाकका पोराबाट स्वाँस्वाँ गर्दै

सास भित्रबाहिर गरिराखेको छ । ऊ निर्निमेष आफ्नो बालकलाई हेर्छे । उसको हेराइ मायालु बन्दै जान्छ । आपसमा जोडिएका साना र कलिला ओठहरू कुनै बेला चलमलाएको ऊ देख्छे । आमाको छातीमा लागेर दूध चुसेझैँ ती ओठहरू चलमलाएको भान हुन्छ । उसलाई उठाएर छातीमा लगाउने मन लाग्छ । बालकको अबोध र मायालु अनुहार हेर्दाहेर्दा उसभित्रको मातृत्व पग्लिएर आउँछ । ऊ मायाले द्रवीभूत हुन्छे । मातृत्व पग्लिएर दुबै आँखाबाट ऊ दुईचोटि बर्र झर्छे ।

सानोबाबुलाई काखमा लिन भनेर छोरीको हात हटाउँदा ऊ चकित पर्छे । कारण, भाइलाई अँगालोमा बेरिराखेको स्मृतिको हातमा एक पुरानो तस्वीर देख्छे ऊ। सायद तस्वीर हेर्दाहेर्दै दुई थोपा आँसु चुहाएर स्मृति निदाएकी थिई । सायद आँखा त्यसैले गिला र मुख मलिन थियो उसको । छोरीको हातबाट तस्वीर सुस्तरी समात्छे ऊ । एकजोडी मुस्कान फुस्कन लागेको देख्छे, तस्वीरमा । अनायास भावनाको तरल प्रवाहमा ऊ तैरिन्छे । स्वर्गीय पति र बितेको जिन्दगी यसरी उभिन्छन् उसको सामुन्नेमा कि ऊ आफू सम्झनाको अतल गहिराइमा भासिएको अनुभव गर्छे । चलचित्र बनेर घुम्छ, जिन्दगी उसको दिमागमा । चिसो भइराखेको भातलाई चिसै छोडेर ऊ सम्झनाको गहिराइमा डुब्छे-

विवाहको सातौँ दिनमा अमरकेती विजयको न्यानो अङ्गालोमा थिई, देहरादुनमा । नालापानी किल्लामा बलभद्रको सालिकअगाडि एक-अर्कालाई अङ्गालेर खिचेको तस्वीर थियो त्यो, विजय र अमरकेतीको ।

विवाह भएको सातौँ वर्षसम्म पनि उनीहरू एक अर्काका लागि नयाँजस्तै थिए । हरेक बिहानीमा उदाउने नयाँ सूर्यजस्तै हरेक दिन उनीहरूमा सम्बन्धको नौलो र आकर्षणको पाइन थपिँदै थियो । दिनहुँ एक-अर्कामा त्यत्तिकै हराउँथे उनीहरू । मानौँ कि उनीहरूको भेट भर्खरै भएको हो । भन्थ्यो विजय-

"सानू, यो जन्ममा मात्र तिम्रो साथ होइन, जुनी-जुनीसम्म पनि मलाई साथ दिनू है !"

भागेश्वरलाई साक्षी राखेर आफूले भनेको सम्झी उसले -

"बाबा, आज शिवजीको उपवास बसेर पवित्र मनले भन्दै छु, भगवान्ले लाखौँ जूनीसम्म पनि हामीलाई एक अर्काको सहयात्री बनाइदिऊन् । आफ्नो न्यानो अङ्गालोबाट कहिल्यै पर नराखे है मेरो प्रियतम् !"

भगवान्ले झुटो साबित गरिदिए उनीहरूको सहयात्रालाई । कसम खाएको छोटो अवधिमै जुनी-जुनीका लागि एक अर्काको साथ माग्नेहरू एकै जुनीमा पनि साथै रहन सकेनन् । कति निर्दयी भगवान् ।

कुनै रात विजय घरमा नआउँदा कति तड्पिएकी हुन्थी अमरकेती । एकै दिन पनि अमरकेती माइत गएर बस्दा कति तड्पेको हो विजय । भोलिपल्ट कुखुराको डाकोसँगै कसरी पुगेको हो ऊ माइतीमा अमरकेतीलाई लिन । हरपल, हरक्षण, हरदिन, एक अर्कोबिना अधुरो र अपुरो ठान्थे, उनीहरू आफूलाई ।

ज्वरो आएर अमरकेती भोकै सुत्दा ऊ पनि खाना नखाई सुत्थ्यो । दुइटा बच्चा जन्माउँदा अमरकेतीको शारीरिक पीडामात्रै बाँड्न नसकेको हो उसले । अन्यथा अफिसको छुट्टी लिएर पनि भान्सादेखि सारा कामधन्दामा कसरी सघाएको हो उसले । देख्नेहरू भन्थे-

“आहा ! लोग्नेस्वास्नी हुनु त विजय र अमरकेतीजस्ता !”

यी सबै झझल्काहरू काफी थिए, अमरकेतीको जीवनलाई रुवाई राख्न। यही माघमा सात वर्ष हुन लाग्यो, विजयले संसार छोडेर गएको । अमरकेतीको साथ छोडेर गएको ।

पल, क्षण, दिन, महिना, वर्ष ! उफ् ! कसरी  बिते अमरकेतीका एक्ला र नितान्त एक्ला दिनहरू ! अमरकेतीलाई नासो स्वरूप तीनवटा छोराछोरी दिएर सदाका लागि टाढिएको थियो ऊ । मोटर साइकल दुर्घटनामा परेर बाँच्नेहरू पनि धेरै छन् संसारमा तर ऊ बाँचन । कागजजस्तो अमरकेतीको जिन्दगीलाई सबैभन्दा बोझिलो बनाएर ऊ महानिर्वाणको यात्रामा एक्लै गयो ।

त्यस दिन छोरा निशान्तको चौथो जन्म दिन मनाउन ऊ टाढाको अफिसबाट मोटर साइकलमा घर आउँदै थियो । राति अबेरसम्म पनि ऊ घरमा पुगेन । प्रतीक्षामा व्यग्र भइरहेका छोराछोरी र श्रीमतीलाई असह्य पीडा दिएर आधारातमा उसको लास आइपुग्यो, घरमा ।

त्यस दिन बाबाको हातबाट जन्म दिनको टीका थाप्न व्यग्र भई बसेको निशान्तको जीवनमा के गुज्रियो होला ? गर्भवती अमरकेतीको जीवनमा के गुज्रियो होला ? कल्पना नै कहालीलाग्दो छ । सानोबाबु गर्भमै थियो । जसले हातमा तस्वीर च्यापेर निदाएकी छे, त्यो छोरी स्मृति जम्मा दुई वर्षकी थिई । आज कसरी तस्वीमार उसले आफ्नो बाबालाई खोल्दै

छे । तस्वीरमा बाबाको अनुहार हेर्दाहेर्दै कसरी निदाउँछे । सम्झेर अमरकेतीको मनमा भक्कानो फुटेर आउँछ । अनायास अस्फुट सुस्केरा छुट्छ । गलाभित्रैदेखि आएको भक्कानोलाई ऊ रोक्न सक्दिन । रुवाइको आवाजमै ऊ भन्छे-

"कठै ! मेरी छोरी, तस्वीमार बाबालाई खोजिरहन्छेस् । एकान्तमा तस्वीरलाई चुमिरहन्छेस् । बाबा भनेर कति पुकार्ने मन लाग्छ होला । बाबासँग कुरा गर्ने, खेल्ने र जिस्किने मन कति लाग्छ होला । बाबाको हात समातेर घुम्ने रहर कति लाग्छ होला । मेरी अभागी छोरी, म कसरी तिमीलाई तिम्रो बाबा दिन सकूँ । सक्दिनँ छोरी, सक्दिनँ । मलाई माफ गर । म आफू बेचिएर पनि संसारका सबै चिज तिमीलाई दिन सक्छु । तर तिम्रो बाबा दिन सक्दिनँ छोरी !"

अमरकेतीको मातृत्व पूरै प्लावित भयो । पग्लेर ऊ आँखाबाट बग्न थाली । भावनामा आएर संसारका सबै चिज दिन सक्छु भने पनि के दिन सक्छे र भावनाभन्दा बढी उसले ? मातृत्वभन्दा बढी के छ र ऊसँग ?

मातृत्वभन्दा बढेर अरू के चिज हुन्छ र संसारमा ?

मातृत्व पग्लेर सकिने चिज हो र ?

मातृत्व आफ्ना छोराछोरीलाई टुहुरा देख्न सक्ने शक्ति हो र ?

होइन ।

उसो भए खै त आमाको ममता कम्प्युटरमा अनुवाद हुन सकेको ? खै त साइकल र खेलौनामा अनुवाद हुन सकेको ? खै त आमाको मातृत्वले छोराछोरीका रहर पूरा गर्न सकेको ?

सम्झेर यी मुटु खाने बाध्यताहरूलाई हृदय पगाल्ने पीडाहरूलाई अमरकेतीको जिह्वा रोकिन्छ । ऊ छटपटिन्छे, मुटु भित्रभित्रै । एक हप्तादेखि स्मृति साइकल-साइकल भनेर खुट्टा बजारिरहेकी छे । एक महिनादेखि निशान्तले कम्प्युटर-कम्प्युटर भनेर कराइरा'को छ । चार दिनदेखि सानोबाबुले एमनको जस्तै टेडीविअर भनेर कान खाको खायै छ । अमरकेतीसँग आमा हुनुको अभिशापबाहेक अरू के नै छ र ?

"आज मेरो बाबा भएको भए मलाई साइकल किनिदिनुहुन्थ्यो नि ! मामुले त जति भने पनि मान्नु नै हुन्न । मलाई साइकल किनिदिन कैले आउने बाबा ?", सायद हातको

तस्वीरसँग रुन्चे स्वरमा यही एकोहोरो संवाद गर्दागर्दै निदाइहोली स्मृति । यो सम्झेर फेरि भित्रैदेखि भक्कानो फुट्यो अमरकेतीलाई । फेरि रोई धरधरी एकपल्ट । आँसु पुछ्दै भनी-

मेरा अभागी मुनाहरू ! मेरा मुटुका टुक्राहरू !"

आँखामा आँसु भरेर ऊ एकपल्ट दह्रो हुन खोज्छे । ऊ दृढता व्यक्त गर्छे-

"म कदापि टुहुरा हुन दिन्न तिमीलाई । केबल तिमीहरूलाई तिमीहरूको बाबा ल्याएर दिन सक्दिनँ । अरू संसारका सबै चिज दिन सक्छु । आफ्नो शरीर बेचेर भए पनि म एक-एक रहर पूरा गर्छु, मेरा बालबाहरूका । मेरा लागि जिन्दगीभन्दा, आफ्नै शरीरभन्दा, मेरा बालाहरू प्रिय हुन् । मेरा छोराछोरीहरूका रहरलाई म अब मरेको हेर्न सक्दिनँ । मेरा सन्तानहरू सबै रहरहरू पूरा गर्नु मेरो कर्तव्य हो किनकि म आमा हुँ, आमा !"

यति सङ्कल्प गरिसकेपछि एकपटक जोरले छातीमा च्यापी त्यो तस्वीरलाई र भनी-

"मेरो बाबा माफ गरे मलाई । हाम्रो मायाको चिनारी यी छोराछोरीलाई कसरी टुहुरा बनाएर हेर्न सकूँ । कसरी पचाउन सकूँ यिनको पीडा ? कसरी मारुँ तिनीहरूका रहर र इच्छाहरू ? मेरो बाबा मलाई माफ गरे !"

भावनाको हुन्डरी चलेपछि र भित्रैदेखि हृदय पग्लेर आएपछि उसले डाको छोडी एकपल्ट, त्यस मध्यरात्रिमा ! दुई थोपा ताता आँसु चुहाई, त्यस तस्वीरमा । बच्चाहरूका मायालाग्दा अनुहारहरू हेरी नियालेर र मौन संवाद गरी निदाएका बच्चाहरूसँग-

"ल्याइदिन्छु कम्प्युटर मेरो छोरालाई । ल्याइदिन्छु साइकल मेरी स्मृतिलाई र खेलौना ल्याइदिन्छु सानोबाबुलाई । नरिसाऊ मेरा मुटुका टुक्राहरू हो, नरिसाऊ । तिम्री मम्मी जिउँदै छे । तिमीहरूलाई दुःखी भएको हेर्न सक्दिनँ । विन्ती छ, नरिसाऊ ।"

आत्मालाप गरिसकेपछि छोराछोरीसँग पल्टी ऊ बिस्तरामा । त्यस चकमन्न मध्यरातमा सारा जगत्  गहिरो निद्रामा थियो । परन्तु अमरकेतीको निद्रा हराम भएको थियो । उसको मानसपटलमा विजयसँगको साथ छुटेपछिका घोर निराशाका दिनहरू फनफनी घुम्न थाले । घुम्न थाले जागिर खोज्ने क्रममा उसले भोग्नुपरेका तनाब, छटपटी र पीडाहरू  जीवन चलाउन उसले कहाँ काम खोजेकी थिइन र ? कहाँमात्रै छनोट भएर काम गरेकी थिइन र ?

तीन वर्षदेखि आज विहान मात्रैको घटना र दृश्यहरू उसका मानसपटलमा नाच्न थाले-

तीन वर्षअघि लोकसेवा आयोगमा लिखितमा नाम निकालेकी हो, खरिदार पदमा तर अन्तरमनको कुरा बुझ्न नसकेपछि अन्तर्वार्तामा फालिएकी थिई । विजयकै अफिसमा पनि आवेदन गरी । हाकिमले स्वकीय सचिवका रूपमा व्यक्तिगत जीवनमा प्रयोग गर्न खोजेपछि उसले जसरी पनि जागिर गर्न सकिन । एक प्रतिष्ठित विद्यालयमा पनि निजीस्तरमा शिक्षिका छनोट भएकी थिई ऊ तर तीन महिनाको परीक्षण काल सकिएसँगै विद्यालयले विदाइको हात हल्लाइदियो । एक गैरसरकारी संस्थामा पनि केही समय काम गरी तर हाकिमको कुरा मानेर जहिले पनि फिल्ड जान नसकेपछि दुई महिनामै अवकाश दिएको पनि उसले सम्झी ।

विजयले छोडेर गएपछि तीनवटा आधुनिक छोराछोरीको पालन, पोषण, पढाइ, लेखाइ र इच्छाहरू पूरा गर्नुपर्ने जिम्मेवारी एक्ली अमरकेतीको काँधमा थियो । जागिर खोज्ने क्रममा उसले भुइँपत्ताल नै गरी । कतै लिखितमा निस्केर अन्तर्वार्तामा फालिई । कतै परीक्षण कालसँगै हात धुनुपऱ्यो । कतै स्वाभिमान र अस्मिता जागिरसँग साँट्न नसकेर छोड्नुपऱ्यो । गएको तीन महिनादेखि ऊ जागिरको खोजमा यत्रतत्र सर्वत्र भौँतारिएकी थिई ।

अहँ, कतै मन अड्याउने ठाउँ भेट्टाइन उसले ।

र अन्तमा,

आजै विहानको घटना र दृश्य झलझली दिमागमा घुम्न थाल्यो उसको-

एक प्रतिष्ठित पत्रिकामा 'केही महिला कर्मचारीको आवश्यकता' नामक विज्ञापन पढी उसले । ठेगाना पत्ता लगाएर सम्बन्धित ठाउँमा पुगी ।

व्यस्त बजारको भित्री गल्लीमा एक आधुनिक घरको चौथो तलामा चढेपछि अँध्यारो कोठामा ऊ पुगी, जहाँ एकजोर सोफा, केही कुर्सी र एउटा टेबुल थियो । अफिस नामक कोठासँग अटेच बेडरुम थियो, भित्रपट्टि । एक अधबैंसे मानिस सोफामा बसेको थियो । अफिसमा अरू कुनै प्राणी थिएनन् । कुनै सरकारी र गैर सरकारी किसिमको अफिसजस्तो पनि लाग्दैनथ्यो त्यो । नितान्त फरक । एकान्त, सुनसान र कुनै गोपनीय प्रयोजनका लागि थियो सायद । अफिसमा झिङ्गा उडेको पनि चाल थिएन । एकदम सुनसान । एकान्त र निर्जन । अन्तर्वार्ता सकिएपछि ऊ छनोट भएको घोषणा गरियो ।

मोटा जुँगा भएको अधबैंसे पुरुषले घोषणा गऱ्यो-

“आकर्षक तलब छ र सुविधा राम्रो छ । काम कुनै गाह्रो र कष्टदायी छैन । तपाई छनोट हुनुभएको छ तर तपाईलाई मन्जुरी छ कि छैन, निर्णय दिनुहोस् ।” यति भनेर उसको पैतलादेखि शिरसम्मै निरीक्षण गऱ्यो उसले ।

“काम के हो ? कामको प्रकृति क हो नि ?”

अमरकेतीको लज्जावती प्रश्नबाट ऊ भाग्न सकेन । चार तलामाथिको सुनसान सानो अँध्यारो कोठामा ऊ आधुनिक जीवन र प्रेमको परिभाषामा केन्द्रित थियो -

“सित्तैमा कोही कसैले कसैलाई साथ दिन सक्दैन र पैसा पनि दिन सक्दैन । मैले बिहान दशदेखि साँझ चारबजेसम्म सम्पूर्ण रूपमा तपाईको समय किन्ने हो । त्यस बेलासम्म पूर्णतः मेरो अधीनमा रहन मञ्जुरी छ तपाईँलाई ? मलाई अनिश्चित जीवनको अविश्वसनीय सहयात्रामा विश्वास छैन अनि प्रेम र समर्पणमा पनि विश्वास छैन । मेडम, तपाई गहिरिएर एक रातसम्म सोच्नुहोला ।”

ऊ निस्पृह भएर भन्यो-

“जति बेला मसँग धन थिएन, म एक मारवाडीको कारिन्दा थिएँ । त्यति बेला उर्वशीजस्ती मेरी श्रीमती मेरै मालिकसँग पोइल गई । मेरो सम्पूर्ण प्रेम र समपर्णलाई लात हानी उसले । आज मसँग प्रशस्त सम्पत्ति छ । चाँडै भने ऊभन्दा सयौँगुना राम्री स्त्रीसँग प्रेम गर्न सक्छु तर होइन । म प्रेममा विश्वासै गर्दिनँ । समयमा विश्वास गर्छु । त्यसैले तपाईको समय किन्न चाहन्छु । सट्टामा तपाईको समयको बढी नै मूल्य तोकेको छु मैले । मञ्जुरी छ भने जवाफ दिनुस् मलाई । आज नसके भोलिसम्म ।”

चुपचाप हिँडेकी थिई, अमरकेती त्यहाँबाट । “चाँडै जवाफ दिनू ।” सिँढी ओर्लिंदा उसले भनेको अन्तिम वाक्य कानमा दोहोरिएर आयो फेरि । सानोबाबुलाई काखमा च्यापेर सुत्न खोजे पनि निदाउन सकिन ऊ । रातभर हजार विचारहरूले उसका मनमा लुकामारी खेलिरहे । विगतका दृश्यहरू फनफनी दिमागमा घुमिरहे । आउने जीवनको सुरुङ अँध्यारो छ । निस्पट्ट ।

❀❀❀

निदाउन खोज्दै  थिई, चराहरूको गीत सुरु भैसकेको सुनी । शरीरमा कुनै स्फूर्ति देखापरेन । मन नलागी-नलागीकन उठी । स्नान र नित्यकर्म सकेपछि विजयको ठूलो तस्वीरका अघि उभिई । तस्वीरमुनि रहेको पानसमा बत्ती बाली । हरियो दुबोको माला तस्वीरमा लगाइदिई । धुपदीपले कोठा सुगन्धित पारी । फूल, अक्षता र अबिर तस्वीरमा समर्पण गरी । आँसुको अभिषेक चढाई । तस्वीरमा घोप्टो परेर विजयका पाउ स्पर्श गरी । आद्र आवाजमा, कम्पायमान् स्वरमा हात जोडेर ऊ अनुमति माग्न थाली-

“मेरो बाबा, मेरो हृदयको राजा, मलाई माफ गरे । हजुरबाहेकको यस संसारमा म कहाँमात्रै भौतारिइनँ । काम खोजेँ । जागिर खोजेँ । सहारा खोजेँ । मन बिसाउने ठाउँ खोजेँ । कतै भेटिनँ भगवान् । अहँ, कतै भेटिनँ । चितामा जलेर जाने र आगोमा खरानी भएर जाने यस शरीरलाई अरूको स्पर्शबाट जोगाएर राख्न खोजेँ । त्यसैलाई इज्जत र स्वाभिमान ठानेर बाँच्न खोजेँ । शरीरलाई दाम्लोमा बाँधेर मन कहाँ-कहाँ भौँतारिरह्यो ! मेरो प्रिय हृदयनाथ । सक्दिनँ अब हाम्रा छोराछोरीका कलिला आकाङ्क्षाहरू मारेर टुलुटुलु हेर्न सक्दिनँ । मनलाई पवित्र राखेर, स्वाभिमान नबेचेरै जिन्दगी चलाउँछु बाबा ! हजुरको मायामा कहिल्यै घात गर्दिनँ । शरीर जोगाउनुमात्र इज्जत जोगाउनु होइनजस्तो लागिसक्यो अब । म इज्जत नगुमाएरै काम गर्छु प्राणनाथ ! प्रेमको दियो जलाएरै अभाव, गरिबी र अन्धकारसँग लड्छु । म खसीबोकाको मासु बेचेर होइन, आफ्नै मासु बेचेर जिन्दगी चलाउँछु, बाबा, अनुमति देऊ । हाम्रा बालकहरूका सुकुमार चाहना ओइलाएको हेर्न सक्दिनँ बाबा, अनुमति देऊ !”

सानोबाबु उठेर आँखा मिच्दै पिठ्युँमा झुन्डिन आएको उसलाई पत्तै भएन । भावनाका सागरमा डुबेर उत्रिदै गर्दा तस्वीरले-

“हुन्छ जाऊ, समस्यसासँग शरीरले नै लड, नङ्ग्रा खिएर जान्छन्, पसिना चुहेर जान्छन्, आँसु झरेर जान्छन् भने शरीर भनेको अरू के नै हो र ? मनलाई पवित्र राख ! हुन्छ प्रिय जाऊ । म सधैँ तिम्रो साथमा छु । जाऊ !” भनेको जस्तै लाग्यो उसलाई ।

एकाएक मन चङ्गा भएर आयो अमरकेतीको । छोराछोरीहरूलाई खाना खुवाई । कोरीबाटी चिटिक्क पारेर स्कुल पठाई । विजयको तस्वीरअगाडि उभिएरै आफूलाई सिँगार्न थाली । बदामी ब्लाउजमा कसिएका युगल स्तन पुष्ट देखिए । गालाका रेखाभित्रका नीलो सागरी आाखाहरू गहिरा देखिए । उही सारीमा ऊ सजिई, जुन रङको सारीमा विजय उसलाई असाध्यै सुन्दर र मोहिनी रूपमा देख्थ्यो । अमरकेती एकपटक ऐनाका अगाडि

उभिई । सोह्र वर्ष अघिको जवानीमा एकपटक फर्किएजस्तो लाग्यो उसलाई । बडो तन्मयताका साथ निस्की घरबाट ऊ ।

बाटोमा जाँदै गर्दा उसले सोच्न थाली-

के भन्ने उसका अगाडि गएर ? उसको जीवनले कस्तो मोड लिने हो अब ? त्यस पुरुषले चाहेको कुरा के हो ? उसले बुझिसकी निष्कर्षमा हरेक दिन उसको देहसँग खेल्नेछ उसले । बाटो जति छोटो हुँदै गयो, उति नै उसका मनमा विचारहरूको हुरी चलिरह्यो । नजिक पुग्दै गर्दा उसले कल्पना गरी-

भुँडीवाल जुँगे पुरुष खडा भएको छ, उसको सामुन्नेमा । बडो मायालु मुस्कानले उसलाई स्वागत गर्छ । अफिस भन्नुमात्रै हो, उसको मन बहलाउने कोठा हो त्यो । उसलाई निर्निमेष हेरिरहन्छ ऊ । दुई जनाबाहेक तेस्रो प्राणी छैन, अफिस नामको कोठामा । उसको रूप, सुन्दरता र जवानीमा लट्ठिएर शब्दविहिन बन्छ ऊ । उसले अनुभव गरी कुनै बेला स्पर्श गर्न आइपुग्छ ऊ । अनायास बोलाउँछ, भित्र बेडरुममा । एकान्त कोठामा स्पर्श गर्दै नङ्ग्याउन थाल्छ उसलाई । भुँडीवाल जुँगे । पुरुष नाङ्गो खडा हुन्छ, उसको सामुन्नेमा । उसलाई देहसुख प्रदान गर्न लम्पसार पर्नुपर्ने भो उसले । ऊ सिकुडिँदै आई । एकाएक मुखबाट आवाज निस्कियो - “उफ् !”

विचारबाट बाहिर निस्किँदा मुटु ढुकढुक गर्न थाल्यो उसको । सारा शरीरमा कम्पन उत्पन्न हुन थाल्यो । सिँढीमा टकटक उक्लिन थालेकी थिई । एकाएक मनमा भुइँचालो गएझैँ भयो उसलाई । आँखामा विजयको तस्वीर फनफनी घुम्न थाल्यो । यतै कतै माथिबाट विजयले हाँसेरै हेरिरहेझैँ आभास भो उसलाई । पूरा पृथ्वीमा कम्पन पैदा भएको महसुस गरी । दुई पाइला बढ्न मन लागेन, त्यसभन्दा अघि उसलाई । ऊ फनक्क फर्की आधा सिँढीबाटै र उसैगरी उतातिर लम्की लमकलमक, जताबाट ऊ आएकी थिई ।

उसको मन पराजित भइसकेको थिएन । स्वत्त्व जीवित थियो उसभित्र । कसरी लम्पसार पर्न सक्छे ऊ ? कसैको ओछ्यान कसरी बन्न सक्छे ? कसरी नाङ्गिन सक्छे ऊ आफूलाई बिर्सेर र अहँ, सक्दिन ।

ऊ सरासर घर फर्की । मनमा अनेक आँधीहुरी चलिरहे बाटोभरि । मनलाई अशान्त पारेरै उसले आँगनमा पाइला टेकी । केटाकेटीहरू स्कुलबाट फर्किसकेका थिए । उसले देखी खुला र ठूलो आँगानमा बालकहरू खेलिरहेका थिएनन् । फूलमाथिका पुतलीहरू रङ्गीबिरङ्गी

पखेटा हल्लाउँदै बालकहरूलाई खेल्न बोलाइरहेका थिए, परन्तु उनीहरूर पुतलीसँग निरपेक्ष थिए । तिनोटै बच्चाहरूले आफ्ना आाखा बाटोमै तेर्स्याएका थिए-

“मम्मी आउनुहुन्छ, कम्प्युटर पनि आउँछ ।”, निशान्तको अपेक्षित अनुहारमा यही पढी उसले ।

“मम्मी आउनुहुन्छ, साइकल पनि आउँछ ।”, स्मृतिका अनुहारको यही अनन्त आशा टलक्क देखी उसले ।

“मम्मी आउनुहुन्छ, टेडिबिअर पनि आउँछ ।”, सानोबाबुको अटल विश्वास अनुहारमा झल्केको पनि देखी उसले ।

उफ् ।

“मम्मी आउनुहुन्छ कम्प्युटर पनि आउँछ । मम्मी आउनुहुन्छ- साइकल पनि आउँछ । मम्मी आउनुहुन्छ- टेडिबिअर पनि आउँछ ।” एक अन्तहीन प्रतीक्षा, शङ्काविहीन विश्वास केटाकेटीका अनुहारमा अटल थियो ।

उसको मुटुमा भक्कानो फुटेर आउँछ फेरि । उसले छोराछोरीको अनुहार दोहोऱ्याएर हेर्न सकिन । शब्दविहीन भएर ऊ सरासर उतै फर्की, जताबाट ऊ आएकी थिई । टुलुटुलु हेरिरहे बालकहरूले । भन्न सकेनन्- मम्मी, भैगो, अब नजानुहोस् । हामीलाई केही चाहिन्न, हजुर भए पुग्छ, अब नजानुहोस् । अहँ, भन्न सकेनन् ।

# परिशिष्ट (ख)

## 'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिहरू

'तस्वीर' कथामा प्रयुत्त पुरुषवाचक सन्दर्भकहरू

| अनुच्छेद | व्यक्तिवाचक सन्दर्भक | सन्दर्भित एकाइ |
|---|---|---|
| १ | आफ्नो | सानो भाइको |
| | आफैँसँग | स्मृतिसँग |
| | उसका | स्मृतिका |
| ३ | उसैका | स्मृतिका |
| ५ | ऊ | अमरकेती |
| | आफू | स्मृति |
| | यिनीहरू | बच्चाहरू |
| ६ | ऊ | अमरकेती |
| | ऊ | अमरकेती |
| | आफ्नो | अमरकेतीको |
| | उसको | अमरकेतीको |
| | ऊ | अमरकेती |
| | ऊ | अमरकेती |
| | ऊ | अमरकेती |
| ७ | ऊ | अमरकेती |
| | ऊ | अमरकेती |
| | उसको | अमरकेतीको |
| | ऊ | अमरकेती |

| | | |
|---|---|---|
| | ऊ | अमरकेती |
| | उसको | अमरकेतीको |
| | ऊ | अमरकेती |
| | आफू | अमरकेती |
| | उसको | अमरकेतीको |
| | ऊ | अमरकेती |
| ८ | उनीहरू | विजय र अमरकेती |
| | उनीहरूमा | विजय र अमरकेती |
| | उनीहरू | विजय र अमरकेती |
| | उनीहरूको | विजय र अमरकेतीको |
| | मलाई | विजयलाई |
| | आफूले | अमरकेतीले |
| | उसले | अमरकेतीले |
| | हामीलाई | विजय र अमरकेतीलाई |
| | आफ्नो | विजयको |
| | उनीहरूको | विजय र अमरकेतीको |
| ९ | ऊ | विजय |
| | उनीहरू | विजय र अमरकेती |
| | आफूलाई | विजय र अमरकेतीलाई |
| १० | ऊ | विजय |
| | उसले | विजयले |
| | उसले | विजयले |

| | | |
|---|---|---|
| १२ | ऊ | विजय |
| | ऊ | विजय |
| | ऊ | विजय |
| १३ | ऊ | विजय |
| | ऊ | विजय |
| | उसको | विजयको |
| १४ | जसले | अमरकेतीले |
| | उसले | स्मृतिले |
| | आफ्नो | स्मृतिको |
| | ऊ | अमरकेती |
| १५ | मेरी | अमरकेती |
| | मेरी | अमरकेती |
| | म | अमरकेती |
| | तिमीलाई | स्मृतिलाई |
| | तिम्रो | स्मृतिको |
| | मलाई | अमरकेतीलाई |
| | म | अमरकेती |
| | आफू | अमरकेती |
| | तिमीलाई | स्मृतिलाई |
| | तिम्रो | स्मृतिको |
| १६ | ऊ | अमरकेती |
| | उसले | अमरकेतीले |

| | | |
|---|---|---|
| | उसँग | अमरकेतीसँग |
| १७ | ऊ | अमरकेती |
| १८ | मेरो | स्मृतिको |
| | मलाई | स्मृतिलाई |
| | मलाई | स्मृतिलाई |
| | मेरा | अमरकेतीका |
| | मेरा | अमरकेतीका |
| | ऊ | अमरकेती |
| | ऊ | अमरकेती |
| | म | अमरकेती |
| | तिमीहरूलाई | छोराछोरीहरूलाई |
| | तिमीहरूलाई | छोराछोरहरूलाई |
| | तिमीहरूको | स्मृति र सानोबाबुको |
| | आफ्नो | अमरकेतीको |
| | म | अमरकेती |
| | मेरा | अमरकेतीका |
| | मेरा | अमरकेतीका |
| | आफ्नै | अमरकेतीको |
| | मेरा | अमरकेतीका |
| | मेरा | अमरकेतीका |
| | म | अमरकेतीका |
| | मेरा | अमरकेतीका |

| | | |
|---|---|---|
| | मेरो | अमरकेतीको |
| | म | अमरकेती |
| | मेरो | अमरकेतीको |
| | मलाई | अमरकेतीलाई |
| | हाम्रो | विजय र अमरकेतीको |
| | यिनको | छोराछोरीको |
| | यिनीहरूका | छोराछोरीका |
| | मेरो | अमरकेतीको |
| | मलाई | अमरकेतीलाई |
| १९ | उसले | अमरकेतीले |
| | मेरो | अमरकेतीको |
| | मेरी | अमरकेतीको |
| | मेरा | अमरकेतीका |
| | तिम्री | स्मृति र सानोबाबुकी |
| | तिमीहरूलाई | स्मृति र सानोबाबुलाई |
| २० | उसको | अमरकेतीको |
| | उसले | अमरकेतीले |
| | उसले | अमरकेतीले |
| | उसका | अमरकेतीका |
| २१ | ऊ | अमरकेती |
